# कुशलको अर्धशतकमा युएईमाथि नेपालको सहज जित



काठमाडौं, ८ वैशाख- नेपालले युएईविरूद्धको दोस्रो टी-२० खेलमा ८ विकेटको सहज जित निकालेको छ। कीर्तिपुरस्थित त्रिवि मैदानमा जित निकालेसँगै दुई खेलको टी-२० सिरिज १-१ को बराबरीमा सकिएको छ। यसअघि सोमबार भएको पहिलो खेलमा नेपालमाथि युएईले ६ विकेटको जित निकालेको थियो। युएईले दिएको १२९ रनको लक्ष्य नेपालले १५.५ ओभरमा २ विकेट गुमाएर पूरा गऱ्यो । नेपालका जितमा ओपनर कुशल भुर्तेलले अर्धशतक प्रहार गरे।

उनले नटआउट ८४ रन बनाउने क्रममा ५७ बलमा १२ चौका र २ छक्का प्रहार गरे । कप्तान दीपेन्द्रसिंह ऐरीले नटआउट २३ रन जोडे। त्यसअघि अर्का ओपनर कुशल मल्ल १७ बलमा १९ रन र सन्तोष यादव १ रनमा आउट भएका थिए। टस जितेको नेपालले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको युएईले २० ओभरमा ८ विकेटको क्षतिमा १२९ रन बनायो। युएईका लागि अक्षदीप नाथले अर्धशतक प्रार गरे। उनले नटआउट ५३ रन बनाउने क्रममा ४२ बलमा ३ चौका र ४ छक्का प्रहार गरे। ओपनर तथा कप्तान मोहमद वासीमलाई हेमन्त धामीले रोयल डक गरेका थिए। त्यसपछि अलिशन सराफु १ रन र हरप्रित सिंह पनि १ रनमा आउट भए। सोहब खान र निलान्स केन्वानी पनि डकआउट भएपछि नेपाल हावी भयो। अदीप उस्मानीले २२ बलमा ३० रन जोडे।

युएई आठ ओभर चल्दै गर्दा ६-४८ को अवस्थामा थियो । त्यसपछि अक्षदीप नाथ र मोहमद अर्फानबीच सातौं विकेटका लागि ६४ रनको साझेदारी भयो। अर्फान १९ औं ओभरको दोस्रो बलमा सन्दीप लामिछानेको बलमा कप्तान दीपेन्द्रसिंह ऐरीबाट समातिए। उनले ३६ बलमा २ चौका र १ छक्का प्रहार गरे। लगत्तैको बलमा खुजैमा तन्विरलाई उसैगरी सन्दीपले ऐरीबाट शून्यमा क्याच गराए। बलिङमा नेपालका सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गरे। उनले चार ओभरमा एक मेडनसहित छ रन खर्चिदा तीन विकेट लिन सफल भए। हेमन्त धामीले २ विकेट लिए भने नन्दन यादव र शाहब आलामको नाममा १-१ विकेट रह्यो।नेपालले आइसिसी मेन्स क्रिकेट विश्वकप लिग-२ को सिरिजअघि त्रिवि मैदानमा युएईसँग टी-२० सिरिज खेलेको हो।

अब नेपालले लिग-२ अन्तर्गत दुई वटा सिरिज आयोजना गर्दैछ। नेपाल, ओमान र युएईबीचको त्रिकोणात्मक एकदिवसीय सिरिजसहित नेपाल, अमेरिका र स्कटल्यान्डबीच सिरिज हुन लागेको हो। त्रिवि मैदानमा नेपाल, ओमान र युएईबीच वैशाख १२ देखि २२ सम्म पहिलो सिरिज हुनेछ। त्यसपछि वैशाख २९ देखि जेठ ८ सम्म नेपाल, स्कटल्यान्ड र अमेरिका अर्को सिरिजमा भिड्नेछन् । पहिले ब्याटिङ गरेको युएईले २० ओभरमा ८ विकेटको क्षतिमा १२९ रन बनाएको थियो। बलिङमा नेपालका सन्दीप लामिछानेले उत्कृष्ट बलिङ गरे। उनले चार ओभरमा एक मेडनसहित छ रन खर्चिदा तीन विकेट लिन सफल भए। हेमन्त धामीले २ विकेट लिए भने नन्दन यादव र शाहब आलामको नाममा १-१ विकेट रह्यो। यसअघि पहिलो टी-२० मा युएईले नेपाललाई ६ विकेटले हराएको थियो।

# १४ वर्षदेखि फरार करणीका प्रतिवादी पक्राउ

सल्यान (बुटवल टुडे), ८ वैशाख- सल्यानमा जबरजस्ती करणी मुद्दामा लामो समयदेखि फरार रहेका एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सल्यानबाट खटिएको टोलीले छत्रेश्वरी गाउँपालिकाबाट ती व्यक्तिलाई नियन्त्रणमा लिएको हो। प्रहरीका अनुसार पक्राउ पर्नेमा छत्रेश्वरी गाउँपालिका-६ निवासी ३० वर्षीय मोहन विक भनिने होमबहादुर चलाउने रहेका छन्। उनी करिब १४ वर्षदेखि जबरजस्ती करणी सम्बन्धी मुद्दामा फरार रहँदै आएका थिए। लामो समयदेखि फरार रहेका उनलाई पक्राउ गर्न प्रहरी निरन्तर खोजीमा रहेको थियो। जिल्ला प्रहरी कार्यालयको सञ्चार शाखाले दिएको जानकारी अनुसार विशेष सूचनाका आधारमा सञ्चालन गरिएको खोजी अभियानका क्रममा उनलाई आफ्नै घरबाट नियन्त्रणमा लिइएको हो। लामो समयदेखि फरार रहेका अभियुक्तहरूलाई कानुनी दायरामा ल्याउन प्रहरीले आफू सक्रिय रहेको बताएको छ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल वैशाख महिना ९ गते बुधवार)

यस विकास बैंकको शाखा कार्यालय भुमहीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्वन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलवन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**क) कर्जा शीर्षक : साधारण कर्जा**

**ऋणीको विवरण**

त्रिलोकी चमारको छोरी भज्जन चमारको बुहारी टिमल चमारको पत्नी नवलपरासी (ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. ९ हाल, रामग्राम न.पा. वडा न. १७ बस्ने **निर्मला देवी चमार** (ना.प्र.नं. : ३६१०६६/२२२ जारी मिति र जिल्ला : २०६८/०३/०७, नवलपरासी (ब.सु.प.)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) श्याम नारायण चमारको नातिनी महेन्द्र चमारको छोरी नवलपरासी (ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. ९ हाल, सरावल गा.पा. वडा नं. १ बस्ने **ज्योती चमार** (ना.प्र.नं. : ३६-०६-७६-०११५७ जारी मिति र जिल्ला : २०७६/०४/१३, नवलपरासी)

२) मुराई अहिरको छोरी इसरी अहिरको बुहारी मनोहर अहिरको पत्नी नवलपरासी जिल्ला देवगाव वडा नं. ५ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला रामग्राम न.पा. वडा न. १७ बस्ने **गंगजला अहिर** (ना.प्र.नं. : ३६३०६४/४८२ जारी मिति र जिल्ला : २०६३/११/१५, नवलपरासी)

३) जगदिश अहिरको छोरी हरी नारायण अहिरको बुहारी रामचन्द्र अहिरको पत्नी नवलपरासी (ब.सु.प.) जिल्ला रामग्राम न.पा. वडा न. १७ बस्ने **किनका यादव** (ना.प्र.नं. : ३६३०६४/१६५ जारी मिति र जिल्ला : २०६३/११/१४, नवलपरासी(ब.सु.प.)

**ख) कर्जा शीर्षक : साना व्यक्तिगत कर्जा**

**ऋणीको विवरण**

त्रिलोकी चमारको छोरी भज्जन चमारको बुहारी टिमल चमारको पत्नी नवलपरासी (ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. ९ हाल, रामग्राम न.पा. वडा न. १७ बस्ने **निर्मला देवी चमार** (ना.प्र.नं. : ३६१०६६/२२२ जारी मिति र जिल्ला : २०६८/०३/०७, नवलपरासी (ब.सु.प.)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राधे लाल श्रेष्ठको नाति बाबु लाल श्रेष्ठको छोरा नवलपरासी जिल्ला देवगाव वडा नं. ५ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला रामग्राम न.पा. वडा न. १७ बस्ने **फरेन्द्र कुमार श्रेष्ठ** (ना.प्र.नं. : ६५५०७ जारी मिति र जिल्ला : २०५९/०६/२०, नवलपरासी)

२) त्रिलोकी चमारको छोरी श्याम नारायण चमारको बुहारी महेन्द्र चमारको पत्नी नवलपरासी जिल्ला प्रतापपुर वडा नं. ९ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला रामग्राम न.पा. वडा न. १७ बस्न **संगीता देवी चमार** (ना.प्र.नं. : ३६३०४७/६६२ जारी मिति र जिल्ला : २०६३/११/२८, नवलपरासी)

३) श्याम नारायण चमारको नातिनी महेन्द्र चामारको छोरी नवलपरासी (ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. ९ हाल, सरावल गा.पा. वडा नं. १ बस्ने **ज्योती चामर** (ना.प्र.नं. : ३६-०६-७६-०११५७ जारी मिति र जिल्ला : २०७६/०४/१३, नवलपरासी)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८२ साल मंसिर महिना २२ गतेको आर्थिक दैनिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्वन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| निर्मला देवी चमार | नवलपरासी (ब.सु.प.) जिल्ला देवगाउँ वडा नं. ५ | ५ख | ३७९ | १,७७७.३२ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल बैशाख महिना २९ गते मंगलबार भित्र यस बैंकको शाखा कार्यालय भुमही आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल बैशाख महिना ३० गते बुधबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय भुमहीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# भाडा समायोजन र ओभरलोड नियन्त्रणमा ध्यान दिन व्यवसायीको माग




भैरहवा (बुटवल टुडे), ८ वैशाख। लुम्बिनी ट्रक यातायात व्यवसाय सङ्घको आयोजनामा मंगलबार सिद्धार्थनगर-८ मा आयोजित व्यवसायी भेला कार्यक्रममा ट्रक व्यवसायीहरूले वर्तमान संकट समाधानका लागि सरकारसँग ठोस पहलको माग गरेका छन् । भेलामा विशेषगरी इन्धनको मूल्य वृद्धि, भाडा समायोजन र ओभरलोड नियन्त्रणका विषयमा व्यवसायीहरूले कडा आवाज उठाएका छन्।

संघका सदस्य तथा ट्रक व्यवसाय शिव सापकोटाले नेपालमा डिजेलको मूल्य अत्यधिक महँगो (करिब २३५ रूपैयाँ) हुँदा ट्रक व्यवसाय नै धराशायी हुने अवस्थामा पुगेको बताएका छन्। उनका अनुसार हालको ढुवानी भाडाले इन्धन खर्च मात्र धान्ने अवस्था रहेको छ भने बैंकको किस्ता र चालकको तलब व्यवस्थापन गर्न समेत कठिन भइरहेको छ। त्यसैले इन्धन मूल्य अनुसार भाडा समायोजन गर्न सरकारसँग उनको प्रमुख माग रहेको छ। भेलामा व्यवसायीहरूले भारतीय ट्रकहरूको अनियन्त्रित प्रवेशलाई पनि गम्भीर समस्या रूपमा उठाएका छन्। भारतबाट सिधै पोखरा, बागलुङ र काठमाडौंसम्म ढुवानी हुँदा नेपाली ट्रक व्यवसायीहरू प्रतिस्पर्धामा टिक्न नसकेको गुनासो गरिएको छ। व्यवसायीहरूले भन्सार नाकाबाटै विदेशी गाडी नियन्त्रण गरी नेपाली गाडीलाई प्राथमिकता दिनुपर्ने माग गरेका छन्।

ओभरलोड नियन्त्रण पनि व्यवसायीहरूको मुख्य मागका रूपमा उठेको छ। नेपाली ट्रकहरूलाई कडाइका साथ नियमन गरिए पनि विदेशी ट्रकहरूले ५०-६० टनसम्म सामान बोकेर निर्वाध रूपमा सञ्चालन भइरहेको भन्दै व्यवसायीहरूले असन्तुष्टि जनाएका छन्। उनीहरूले धर्मकाँटाबाटै कडाइका साथ जाँच गरी क्षमताभन्दा बढी सामान बोक्ने सवारीलाई रोक्नुपर्ने बताएका छन्। यसले बुटवल-नारायणघाट सडक खण्ड लगायतका पूर्वाधार जोगाउन पनि मद्दत पुग्ने उनीहरूको भनाइ छ।ट्रक चालक तथा व्यवसायी मिकेन चौलागाईंले पनि डिजेलको मूल्य बढ्दा अन्य सवारीको भाडा बढे पनि ट्रक भाडा नबढाइएकोप्रति असन्तुष्टि जनाउँदै तत्काल भाडा वृद्धि गर्नुपर्ने माग गरेका छन्। उनले सम्बन्धित निकाय, महासंघ र सरकारलाई यस विषयमा ध्यान दिन आग्रह गरेका छन्।

संघका अध्यक्ष रुमाखर गौतमले हालको अवस्थामा भाडा अत्यन्त न्यून रहेको र इन्धन तथा गाडीका पाटपुर्जाहरूको मूल्य अत्यधिक बढेकाले सवारी सञ्चालन गर्नै नसक्ने अवस्था आएको बताए। उनले भाडा समायोजन नभएसम्म व्यवसायी टिक्न नसक्ने स्पष्ट पार्दै ओभरलोड नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे। उनका अनुसार ४० टन क्षमताको सवारीमा १०० टनसम्म सामान बोक्ने प्रवृत्तिले बजार बिग्रिएको छ, जसलाई धर्मकाँटाबाटै कडाइका साथ रोक्नुपर्ने आवश्यकता छ। त्यस्तै, उनले सन् १९५० को सन्धिको आडमा भारतीय गाडीहरूको निर्वाध प्रवेशले नेपाली व्यवसायीहरू मर्कामा परेको उल्लेख गर्दै भन्सार बिन्दुबाटै विदेशी गाडीलाई नियमन गरी स्वदेशी गाडीलाई प्राथमिकता दिनुपर्ने माग गरे । ओभरलोडका कारण बुटवल-नारायणघाट सडक खण्ड जस्ता अर्बौंको पूर्वाधार क्षतिग्रस्त हुने जोखिम बढेको भन्दै उनले सरकारलाई यसतर्फ गम्भीर हुन आग्रह गरे। भेलामा सहभागी व्यवसायीहरूले आफ्ना मागहरू शीघ्र सम्बोधन नभए कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्। विशेषगरी भैरहवास्थित सुनौली नाकामा गाडी तेर्स्याएर 'की-डाउन' आन्दोलन गर्ने तथा देशभर ढुवानी ठप्प पार्ने चेतावनी दिइएको छ। व्यवसायीहरूले इन्धन मूल्य अनुसार भाडा समायोजन, ओभरलोड नियन्त्रणमा कडाइ र विदेशी गाडीको व्यवस्थापन नगरेसम्म ट्रक व्यवसाय टिकाउन कठिन हुने बताएका छन्।

# आगलागी १२ घर जले

सुनवल (बुटवल टुडे), ८ बैशाख। पश्चिम नवलपरासीको प्रतापपुरमा आगलागी हुदाँ १२ वटा घर जलेर पूर्ण रूपमा नष्ट भएको छ। प्रतापपुर गाउँपालिका वडा नम्बर ५ भैरमपुरमा स्थानीय गोबिन्द चमारको घरबाट सुरु भएको आगोले १२ जनाको कच्चि घर जलेर नष्ट भएको छ। आगलागीमा कुनै मानवीय क्षति नभएपनि ३ वटा बाखा जलेर मरेका छन् भने एउटा बाखा घाईते छ। आगलागीबाट घर सहित अन्नपात लत्ताकपडा गरि ५० लाख बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डिएसपी विरदत्त पन्तले जानकारी दिए। पन्तका अनुसार स्थानीय गोविन्द चमारले बिहान घरमा सरसफाईबाट जम्मा भएको फोहोर जलाउन बालेको आगो राम्रो संग ननिभाँउदा हावाले उडाएर आगोलागी भएको हो। गरिब विपन्न बस्तीमा आगोले घरबास जलेर नष्ट भएपछि उनिहरूको बिचल्ली भएको छ। घटनामा गोविन्द चमार सहित रामसिंह कुर्मी, राम बहादुर कर्मी, नगिना हरिजन, भुटेल हरिजन, सन्तोष हरिजन, कासिलाल चमार, शिवशरण कुर्मी, सदिक मियाँ, किमन कुर्मी र अनेश कुर्मीको कच्चि घर जलेर नष्ट भएको हो भने उमेश कुर्मीको दुई कोठे पक्कि घरमा पनि आगोले क्षति पुर्याएको छ। आगो लागेपछि समयमै दमकल पुग्न नसकेको भन्दै स्थानीयले आक्रोश व्यक्त गरेका छन्। प्रतापपुर गाउँपालिकाका लागी दातृ निकायबाट दमकल प्राप्त भएको महिनौं हुदा समेत संञ्चालनमा आउन सकेको छैन्। रामग्रामबाट गएको दमकलको बाटोमै टायर पन्चर भएपछि घटनास्थल सम्म पुग्न ढिलाई भएको थियो। प्रहरी र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिएको डिएसपी पन्तले बताए।


## माइग्रेसन सटिर्फिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको +२ को माइग्रेसन सर्टिफिकेट बुटवल गोलपार्क देखि चौराह तर्फ जाने क्रममा मिती २०८२।१२।१५ गते हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा मेरो सम्पर्क नम्बरमा सम्पर्क गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम:** सरिता कुमारी यादव
**रजिष्ट्रेशन नं.:** ८०५४९१४२००४९ **विद्यालय:** बोगडी माध्यमिक विद्यालय
**सिम्बोल नम्बर :** २४९१७९४९
**ठेगाना:** कोटहीमाई -७, रुपन्देही
**मोवाईल नं.:** ९८१५४३८४१२, ९८६९४२५८३४


# आगलागीमा एक वृद्धको ज्यान

सल्यान (बुटवल टुडे), ८ बैशाख। सल्यानमा विद्युत् सर्टका कारण भएको आगलागीमा एक वृद्धको ज्यान गएको छ। बागचौर नगरपालिका-४ नमुना बस्तीमा मंगलबार दिउँसो करिब ४:५० बजे स्थानीय भक्तबहादुर घर्तीको बाख्रा खोरमा आगलागी हुँदा त्यहीँ सुतिरहेका करिब ७० वर्षीय मोतिराम वलीको जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ।

प्रहरी निरीक्षक देवराज भट्टराईका अनुसार विद्युत् तार सर्ट भई आगलागी सुरु भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। आगलागीमा खोरभित्र रहेका ३५ वटा लोकल कुखुरा पनि जलेर नष्ट भएका छन्। शव अत्यन्तै जलेको अवस्थामा फेला परेको र शरीरको केही भाग मात्र बाँकी रहेको वडा नं. ४ का वडा अध्यक्ष कृष्णबहादुर बस्नेतले जानकारी दिए।

मृतक मोतिराम नजिकै आयोजित विवाह समारोहमा सहभागी भई फर्कने क्रममा सोही बस्तीको खोरमा सुतिरहेको प्रारम्भिक बुझाइ रहेको छ। काठपात बिछ्याएर जस्ता छाना लगाइएको खोरमा आगो लागेको थियो। स्थानीयवासी र सुरक्षाकर्मीको प्रयासमा साँझ करिब ५:३० बजे आगो नियन्त्रणमा आएको थियो।घटनाको थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय थारमारेबाट प्रहरी निरीक्षक यामबहादुर मल्लको नेतृत्वमा टोली परिचालन गरिएको प्रहरीले जनाएको छ।वन डढेलोका घटना बढ्दो

यसैबीच जिल्लामा सुख्खायाम सुरु भएसँगै वन डढेलोका घटना बढ्दै गएका छन्। सोमबार बनगाड कुपिण्डे नगरपालिका-१० मा आगलागी हुँदा तीन घर र एक गोठ पूर्ण रूपमा जलेर नष्ट भएका थिए। मंगलबार शारदा नगरपालिका-४ स्थित साल टाकुरी सामुदायिक वनमा लागेको डढेलो बस्ती नजिक पुग्दा दुई घरमा आंशिक क्षति पुगेको छ।


## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको नाममा रहेको अचल सम्पत्ति लिलाम विक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति २०८३/०१/०९ गते बुधबारको बुटवल टुडे**

यस विकास बैंकको नाममा दर्ता रहेको तपशिलमा उल्लेखित अचल सम्पत्ति जँहा जे जस्तो अवस्था र परिणाममा छ सोही अवस्था र परिणाममा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ उक्त सम्पत्ति खरीद गर्न ईच्छुक ब्यक्ति/फर्म कम्पनी/संघ संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र खरीद गर्न चाहेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा संस्थाको हकमा सञ्चालक समितीको निर्णय, अख्तियारी र अन्य आवश्यक अद्यावधिक कागजात सहित यस विकास बैंकको केन्द्रिय कार्यालय बुटवलमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै बोलपत्रदाताहरूले आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशत रकम जम्मा गरी त्यसको सक्कल भौचर बोलपत्र साथ संलग्न गरेको हुनु पर्नेछ। बोलपत्र खोलिने मिति, समय र स्थान तथा बोलपत्र सम्बन्धी शर्तहरू बोलपत्र फारममा तोकिए बमोजिम हुनेछन भने बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ।

**तपशिल:**

**लिलाम बिक्री गरिने सम्पत्तिको विवरण :**

**जग्गाधनीको नाम : शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड**

| क्र.सं. | विवरण |
|---|---|
| १. | मालपोत कार्यालय परासी नवलपरासी (ब.सु.प.)मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी(ब.सु.प.) जिल्ला तिलकपुर गा.वि.स. वडा नं. ४ख, स्थित कि.न. ३४२ **र** ३५२ क्षेत्रफल **१-०-० र ०-२-५-०** (**बिघा**) को जग्गाहरू र सो जग्गाहरूमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरू समेत। |
| २. | मालपोत कार्यालय परासी नवलपरासी(ब.सु.प.)मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी(ब.सु.प.) जिल्ला तिलकपुर गा.वि.स. वडा नं. १क, स्थित कि.न. २२४ क्षेत्रफल **०-२-१.७५-०** (**विघा**) को जग्गा र सो जग्गामा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरू समेत। |
| ३. | मालपोत कार्यालय परासी नवलपरासी (ब.सु.प) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी(ब.सु.प.) जिल्ला दाउन्नेदेवी गा.बि.स. वडा न. ४ख स्थित कि.न ७७९क्षेत्रफल **०-४-०-०** (**बिघा**)को जग्गाहरू र सो जग्गाहरूमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरू समेत। |
| ४. | मालपोत कार्यालय परासी नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (ब.सु.प.)जिल्ला दाउन्ने देवी गा.वि.स. वडा नं. ४क स्थित कि.न. १२३९ क्षेत्रफल **०-०-७-०** (**बिघा**) को जग्गाहरू र सो जग्गाहरूमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरू समेत। |
| ५. | मालपोत कार्यालय बुटवल रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला सेमलार गा.वि.स. वडा नं. २ख, स्थित कि.न. **२५६३** क्षेत्रफल **०-०-११.५-०** (**विघा**) को जग्गाहरू र सो जग्गाहरूमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरू समेत |
| ६. | मालपोत कार्यालय गुलरिया बर्दियामा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला खैरापुर गा.वि.स वडा न. ३ स्थित कि.न ११४१ र ११४९ क्षेत्रफल **०-१-१७-० र ०-१०-०-०**(**बिघा**), बर्दिया जिल्ला ताराताल गा.वि.स वडा न. ९ग स्थित कि.न **५७८** क्षेत्रफल **०-१३-०-०** (**बिघा**), बर्दिया जिल्ला सानोश्री गा.वि.स वडा न. १ ङ र छ स्थित कि.न **५७१ र** २६३ क्षेत्रफल क्रमशः **०-१०-०-० र ०-८-१५-०** (**बिघा**) र बर्दिया जिल्ला सानोश्री गा.वि.स वडा न. ५ क स्थित कि.न १२५७ क्षेत्रफल **०-१०-०.२५-०** (**बिघा**) को जग्गाहरू र सो जग्गाहरूमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरू समेत। |

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.

**केन्द्रीय कार्यालय:**
बुटवल - ११, कालिकानगर, रुपन्देही
फोन: ०७१-४१५५०२ / ४१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np



## ठाँटी रिसोर्ट निर्माण तथा सञ्चालन सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सार्वजनिक सुचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०१/०९)

लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका, वडा नं. ६ मा **ठाँटी रिसोर्ट प्रा.लि.** द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | ठाँटी रिसोर्ट प्रा. लि. अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका, वडा नं. ६ |
| प्रस्तावको व्यहोरा | लुम्बिनी प्रदेश, अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका, वडा नं. ६ मा। ठाँटी रिसोर्ट प्रा. लि. द्वारा १ वटा भवन, १४ वटा कटेज ६१ कोठा ९२ शय्या क्षमतामा रिसोर्ट निर्माण तथा संचालन गर्ने। |
| प्रभाव पर्न सक्ने जिल्ला स्थानीय तह | सन्धिखर्क नगरपालिका, वडा नं. ६, अर्घाखाँची जिल्ला |
| जग्गाको कित्ता नं. | सन्धिखर्क नगरपालिका, वडा नं. ६ को कित्ता नं. ४२०१, ५५४० |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागी पत्राचार गर्ने ठेगाना:**

१. सन्धिखर्क नगरपालिका, ६ नं. वडा कार्यालय
२. श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं, नेपाल
३. ठाँटी रिसोर्ट प्रा.लि., अर्घाखाँची जिल्ला, सन्धिखर्क नगरपालिका, वडा नं. ६, लुम्बिनी प्रदेश
४. ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा. लि., नयाँ बानेश्वर, काठमाडौं
फोन नं. : ९८४६४०४११८ इमेलः geecnepal@gmail.com